**प्राविधिक सहयोग इकाईको स्थापना तथा परिचालनका लागि**

## जिल्ला समन्वय समिति

## ........................ जिल्ला

## .... नं. प्रदेश, नेपाल

**र**

**स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (संघीय कार्यालय)**

**वीच सम्पन्न**

# समझदारी–पत्र

मितिः २०७४ श्रावण/भाद्र .... गते

# पृष्ठभूमि

१. नेपाल सरकार र फिनल्याण्ड सरकार बीच वि.सं. २०७० भाद्र ३१ (तदनुसार सन् २०१३ सेप्टेम्बर १६) मा भएको पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरणको परियोजना सम्झौता एवं परियोजनाको सुपरिवेक्षण समितिबाट वि.सं २०७१ जेष्ठ २७ (तदनुसार सन् २०१४ जुन १०) मा स्वीकृत संशोधित परियोजना दस्तावेजको प्रावधानहरु र मिति २०७४ आषाढ २ गते ( तदनुसार सन् २०१७ जुन १६) को परियोजना सुपरिवेक्षण समितिको निर्णयको बुँदा ६(घ) मा आधारित रहेर यो समझदारी-पत्र तयार गरिएको छ । यस समझदारी पत्रमा **जिल्ला समन्वय समिति,** ..................... (यसपछि जिल्ला समन्वय समिति भनिएको) र **स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग** (यसपछि विभाग भनिएको) ले हस्ताक्षर गरी **पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण** (यसपछि परियोजना भनिएको) कार्यान्वयनका लागि सहमति गरिएको छ ।

२. परियोजना लागू भएका क्षेत्रका बासिन्दाहरुको लागि खानेपानी र सरसफाइमा समान पहूँच पुऱ्याउने, स्वास्थ्य तथा सामाजिक र आर्थिक अवस्थामा सुधार गर्ने उद्देश्यले वि.सं २०७० भाद्र ३१ गते ( तदनुसार सन् २०१३ सेप्टेम्बर १६) मा नेपाल सरकार र फिनल्याण्ड सरकार बीच पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण (RWSSP-WN II) कार्यान्वयनको लागि सम्झौता सम्पन्न भएको हो । यो परियोजना संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय/स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग को मातहतमा सञ्चालनमा रहेको छ ।

३. परियोजनाले अर्घाखाँची, बागलुङ, गुल्मी, कपिलवस्तु, मुस्ताङ्ग, म्याग्दी, नवलपरासी, पाल्पा, पर्वत, प्युठान, रोल्पा, रुपन्देही, स्याङ्जा र तनहुँ गरि १४ वटा जिल्लाको खानेपानी, सरसफाइ तथा स्वच्छता (यसपछि वास भनिएको) क्षेत्रको विकास र कार्यान्वयनमा सहयोग गरिरहेको छ ।

४. जिल्ला समन्वय समितिले यो समझदारीपत्रमा हस्ताक्षर गरिसकेपछि जिल्ला समन्वय समितिको मातहतमा रहने गरी प्राविधिक सहयोग इकाईको स्थापना गर्न सहमत हुनेछ । उक्त प्राविधिक सहयोग इकाईका कर्मचारीहरुको सञ्चालन जिल्ला समन्वय समितिको सचिवको निर्देशनमा र जिल्ला वास सल्लाहकार/परियोजना प्रतिनिधिको प्रत्यक्ष सुपरिवेक्षणमा हुनेछ ।

५. प्राविधिक सहयोग इकाईको परिचालन र परियोजनाको सहयोगमा सम्बन्धित जिल्लाभित्रका गाउँपालिका/नगरपालिकामा सञ्चालन हुने क्रियाकलापहरुको कार्यान्वयनका लागि परियोजना

दस्तावेज (जुन, २०१४) र परियोजना सुपरिवेक्षण समितिद्धारा यसमा भएका संशोधनहरु मान्य हुनेछन् । परियोजनाको लागू भइरहेका विद्यमान निर्देशिका तथा मार्गदर्शनहरु निरन्तर रुपमा लागू हुनेछन् ।

## जिल्ला समन्वय समितिको भूमिका तथा जिम्मेवारी

६. प्राविधिक सहयोग इकाईको नियमित कार्य सञ्चालनका लागि आवश्यक सुविधा सहितको कार्यकक्ष, सामाग्री, उपकरण र फर्निचर लगायतका सुविधाहरु जिल्ला समन्वय समितिले उपलब्ध गराउनेछ । यस सन्दर्भमा, पहिलेको जिल्ला वास इकाई र यस अन्तर्गत रहेका सम्पूर्ण सामाग्रीहरु स्वतः रुपमा प्राविधिक सहयोग इकाईको मातहतमा जानेछ ।

७. जिल्ला समन्वय समितिले जिल्ला समन्वय समितिको सचिवको नेतृत्वमा एउटा अनुगमन समिति गठन गर्नेछ । उक्त अनुगमन समितिले परियोजनाको सहयोगमा जिल्लाभित्रका गाउँपालिका/नगरपालिकामा सञ्चालन भएका क्रियाकलापहरुको अनुगमन गर्नेछ ।

८. जिल्ला समन्वय समितिलेः

क. प्राविधिक सहयोग इकाईसंगको समन्वयमा परियोजनाका क्रियाकलापहरुको समन्वय र अनुगमन गर्नेछ ।

ख. परियोजनाको मानव संशाधन परिचालन निर्देशिका, २०७४ बमोजिम प्राविधिक सहयोग इकाईका कर्मचारीहरुको भर्ना तथा बार्षिक कार्य सम्पादनमा आधारित करार सम्झौता गर्नेछ ।

*प्राविधिक सहयोग इकाईका कर्मचारीहरुको भर्ना तथा छनौट र कार्य सम्पादन मूल्यांकनका लागि सम्बन्धित जिल्ला समन्वय समितिले एउटा समिति गठन गर्नेछ । उक्त समितिमा जिल्ला समन्वय समितिले तोकेका दुई (२) जना र परियोजना व्यवस्थापन समितिले तोकेको एक (१) जना प्रतिनिधि गरी जम्मा तीन (३) जना सदस्य रहनेछन ।*

ग. परियोजना सञ्चालन भएका गाउँपालिका/नगरपालिकामा प्राविधिक सहयोग इकाईको परिचालन भएको सुनिश्चित गर्नेछ ।

घ. प्राविधिक सहयोग इकाईका कर्मचारीहरुको प्रशासनिक अभिलेख चुस्त तथा अद्यावधिक गर्नेछ ।

ङ. गाउँपालिका/नगरपालिका वास इकाईमा परियोजनाको कोष प्रवाहका लागि स्थापना गरिएको वास कोषको अनुगमनमा परियोजना प्रतिनिधिहरु र प्राविधिक सहयोग इकाई लाई सहयोग गर्नेछ ।

च. गाउँपालिका/नगरपालिका र विभागबीच सम्पन्न छुट्टै समझदारी पत्रमा उल्लेख भएबमोजिम गाउँपालिका/नगरपालिका वास इकाईको स्थापनाका लागि सहजीकरण गर्नेछ।

ज. परियोजनाका क्रियाकलापहरुको सहज र सरल सञ्चालनका लागि क्रमागत योजनाहरुको आर्थिक तथा भौतिक प्रगतिको विवरण र कागजातहरु सम्बन्धित गाउँपालिका/नगरपालिकालाई उपलब्ध गराउनेछ।

## प्राविधिक सहयोग इकाई

९. जिल्ला समन्वय समिति, गाउँपालिका/नगरपालिका र परियोजनाबीच परियोजना सम्बन्धी सम्पूर्ण क्रियाकलापहरुको समन्वयका लागि प्राविधिक सहयोग इकाई जिम्मेवार हुनेछ।

१०. प्राविधिक सहयोग इकाई जिल्ला भित्र सञ्चालनमा रहेका परियोजना सम्बन्धी क्रियाकलापहरुको योजना तर्जुमा, प्रगति समीक्षा र अन्य आवश्यक विषयमा समन्वय र सहजीकरणका लागि आवश्यकता अनुसार बैठक बस्नेछ।

११. प्राविधिक सहयोग इकाईमा निम्नानुसारका कर्मचारी रहनेछन:

| पद | आवश्यक संख्या | |
|---|---|---|
| | पहाडी जिल्ला | तराई जिल्ला |
| जिल्ला परियोजना अधिकृत[1] | १ | ० |
| वास इन्जिनियर | १ | ०-१ |
| वास सब-इन्जिनियर | १-२ | ०-२ |

[1]अर्घाखाँची र रोल्पाको लागि मात्र

यो समझदारी पत्र हस्ताक्षर भएको पहिलो आर्थिक बर्षको लागि पहिलेको जिल्ला वास इकाईमा कार्यरत सहयोगी व्यक्तिहरु सोही पदमा नियुक्त हुनेगरी निरन्तर रुपमा प्राविधिक सहयोग इकाईमा कार्य गर्नेछन। करार सम्झौता अवधि पुरा भएको अवस्थामा, यसै समझदारी पत्रको बुँदा नं.७ (ख) मा उल्लेख भएअनुसार बार्षिक कार्य सम्पादन मूल्यांकन गरि सम्झौता अवधि थप गर्न सकिनेछ।

१२. प्राविधिक सहयोग इकाईले परियोजनाको सहयोगमा गाउँपालिका/नगरपालिकामा सञ्चालित वास कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन तयार गर्दा गाउँपालिका/नगरपालिका वास इकाईले परियोजनाका निर्देशिका, मार्गदर्शनहरु र यसमा हुने संशोधनहरु निरन्तर रुपमा पालना भएको सुनिश्चित गर्नेछ।

१३. प्राविधिक सहयोग इकाईले जिल्लामा परियोजना सञ्चालन भएका गाउँपालिका/नगरपालिकाको आवश्यकता अनुसार निम्नलिखित प्राविधिक सहयोग गर्नेछ:

*१. परियोजनाको सहयोगमा सञ्चालन हुने सम्पूर्ण क्रियाकलापहरुको योजना तर्जूमा, समन्वय, प्रशासन र व्यवस्थापनमा सहयोग गर्नेछ ।*

*२. योजनाहरुको सर्भे, डिजाइन तथा ईष्टिमेट र मूल्यांकन तयार गरि स्वीकृतिका लागि सम्बन्धित गाउँपालिका/नगरपालिकामा पेश गर्नेछ ।*

*३. परियोजनाको सहयोगमा सञ्चालित योजनाहरुको निर्माण सामाग्री र संरचनाहरुको गुणस्तर सुनिश्चितताका लागि नियमित सुपरिवेक्षण तथा अनुगमन गर्नेछ ।*

*४. परियोजनाका क्रियाकलापहरुको प्रभावकारी कार्यान्वियन, गुणस्तर तथा दिगोपनाका लागि गाउँपालिका /नगरपालिका वास इकाईहरु र परियोजनासँग समन्वय गर्नेछ ।*

*५. परियोजनाको व्यवस्थापन सूचना प्रणाली अद्यावधिक भएको र समयमै प्रगति प्रतिवेदन पेश भएको सुनिश्चित गर्नेछ ।*

*६. गाउँपालिका/नगरपालिका वास इकाईका कर्मचारीहरुको भर्ना तथा बार्षिक कार्य सम्पादन मूल्यांकनका लागि सहयोग गर्नेछ ।*

## आर्थिक व्यवस्थापन र पारदर्शिता

१४. जिल्ला समन्वय समितिले यो समझदारी पत्रमा हस्ताक्षर गरिसकेपछि जिल्ला समन्वय समितिको नियमित सञ्चित कोष अन्तर्गत वास कोषको स्थापना (खर्च खाता) गर्नेछ । वास कोषमा प्राविधिक सहयोग इकाईका कर्मचारीहरुको तलब, भत्ता, कार्यालय सञ्चालन खर्च र अन्य तर्जुमा गरिएका क्रियाकलापहरुको लागि नेपाल सरकार र फिनल्याण्ड सरकारबाट रकम प्राप्त हुनेछ ।

१५. परियोजनाले दिएको बजेट सीमा (Budget Ceiling) अनुसार प्राविधिक सहयोग इकाईले विस्तृत बार्षिक कार्ययोजना तर्जुमा गर्नेछ र जिल्ला समन्वय समितिको कार्यालयमा पेश गर्नेछ। उक्त स्वीकृत बार्षिक कार्ययोजना दोस्रो चौमासिकको अन्त्यसंगै आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ ।

१६. जिल्ला समन्वय समिति र प्राविधिक सहयोग इकाई संयुक्त रुपमा सम्पूर्ण आर्थिक कारोबारको पारदर्शिता कायम गर्नका लागि जिम्मेवार रहनेछन । वास कोषबाट हुने सम्पूर्ण खर्च परियोजनाको निर्देशिकामा व्यवस्था भए बमोजिम हुनेछ ।

१७. जिल्ला समन्वय समितिले वासकोषसँग सम्बन्धित सम्पूर्ण खर्चको विवरण र आर्थिक प्रतिवेदन तोकिएको ढाँचामा मासिक, चौमासिक, बार्षिक रुपमा परियोजनालाई उपलब्ध गराउनेछ । उक्त प्रतिवेदनमा नेपाल सरकार र फिनल्याण्ड सरकारको योगदान देखिएको हुनुपर्नेछ ।

१८. परियोजनाले तोकेको अधिकार प्राप्त प्रतिनिधिले वास कोषको लेखा र आर्थिक कारोबारको विवरणको नियमित अनुगमन गर्नेछ । उक्त अनुगमनको प्रतिवेदन सोही समयमा नै तयार गरी दुवै तर्फबाट हस्ताक्षर गरि एक/एक प्रति सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ ।

१९. जिल्ला समन्वय समितिले फिनल्याण्ड सरकार तर्फको रकम परियोजनाले तोकेको ढाँचामा माग गर्नेछ । आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभएको बजेट (फ्रीज नहुने भएकोले) सम्बन्धित जिल्ला समन्वय समितिको खातामै रहनेछ, जुन स्वतः आगामी आर्थिक बर्षको बजेटमा समावेश हुनेछ र परियोजनाका क्रियाकलापमा प्रयोग हुनेछ ।

२०. नेपाल सरकार तर्फको योगदान नेपाल सरकारको प्रचलित नियमानुसार निकासा हुनेछ ।

## परियोजनाको भूमिका र जिम्मेवारी

## परियोजना समन्वय कार्यालय र परियोजना सहयोग इकाईको भूमिका

२१. परियोजनाले गाउँपालिका/नगरपालिका वास इकाईलाई गाउँपालिका/नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन कार्यक्रमको विकास, समन्वय र कार्यान्वयनमा आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्नेछ ।

२२. परियोजना अन्तर्गत दुई वटा शाखा छन् : (क) स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागद्वारा स्थापित राष्ट्रिय परियोजना संयोजकको नेतृत्वमा रहेको **परियोजना समन्वय कार्यालय (Project Coordination Office)** । यो कार्यालय परियोजनाको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नेपाल सरकार तथा सम्बन्धित प्रादेशिक निकायमा परियोजनाको प्रतिवेदनका लागि जिम्मेवार छ । (ख) फिनल्याण्ड सरकारका तर्फबाट अन्तर्राष्ट्रिय परामर्शदाताद्वारा स्थापित प्रमुख प्राविधिक सल्लाहकारको नेतृत्वमा रहेको **परियोजना सहयोग इकाई (Project Support Unit)** जसले खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक समन्वय, सुपरिवेक्षण, अनुगमन तथा क्षमता विकासमा गाउँपालिका/नगरपालिकालाइ सहयोग उपलब्ध गराउनेछ भने परियोजनाको तर्फबाट फिनल्याण्ड सरकारलाइ प्रतिवेदन पेश गर्दछ ।

२३. परियोजना समन्वय कार्यालय परियोजनाको सहयोगमा गाउँपालिका/नगरपालिकामा सञ्चालित वास क्रियाकलापहरुको भौतिक तथा आर्थिक अनुगमन र प्रतिवेदनका लागि जिम्मेवार हुनेछ। परियोजना समन्वय कार्यालयको प्रमुख जिम्मेवारी गाउँपालिका/नगरपालिका वास कोषमा नेपाल सरकारतर्फको योगदान समयमै निकासा भएको र निकासा भईसकेपछि खर्च भएको रकमको समयमै प्रतिवेदन प्राप्त भएको सुनिश्चित गर्नेछ। नेपाल सरकारको अगुवाइमा परियोजना सञ्चालन र सहजीकरण भएको सुनिश्चितताका लागि गाउँपालिका/नगरपालिकामा परियोजना कार्यान्वयनसंग सम्बन्धित सम्पूर्ण विषयमा आवश्यक समन्वय र सञ्चार गर्नु पनि परियोजना समन्वय कार्यालयको जिम्मेवारी रहेको छ। नेपाल सरकारको प्रचलित कानुन, नीति र नियम बमोजिम बार्षिक योजनाहरु तथा मासिक, चौमासिक, अर्धबार्षिक र बार्षिक प्रगति प्रतिवेदन संकलन तथा सम्बन्धित कार्यालयमा पेश गर्न पनि परियोजना समन्वय कार्यालय जिम्मेवार हुनेछ।

२४. परियोजना सहयोग इकाईले गाउँपालिका/नगरपालिका र परियोजनाको नियमित समन्वय गर्नका लागि वास सल्लाहकार तोक्नेछ। वास सल्लाहकारले आवश्यकता अनुसार परियोजना सहयोग इकाईका विज्ञ र परियोजना समन्वय कार्यालयको सहयोगमा प्राविधिक सहयोग इकाईको सुपरिवेक्षण गर्नेछ। वास सल्लाहकारले एकभन्दा बढी जिल्लाका गाउँपालिका/नगरपालिकालाई सहयोग गर्न सक्नेछ। गाउँपालिका/नगरपालिकाले तोकिएको ढाँचामा माग गरेको फिनल्याण्ड सरकारतर्फबाट प्राप्त हुने रकमको खाता सञ्चालन गर्ने र गाउँपालिका/नगरपालिका वास कोषमा रकम निकासा गर्नेछ।

परियोजना समन्वय कार्यालय र परियोजना सहयोग इकाईले संयुक्त रुपमा:

- परियोजना समन्वय कार्यालय र परियोजना सहयोग इकाईले गाउँपालिका/नगरपालिकाबाट प्राप्त हुने मासिक, चौमासिक, अर्धबार्षिक र बार्षिक प्रगति प्रतिवेदनहरु संकलन गर्ने, रुजु गर्ने र नेपाल सरकार तथा फिनल्याण्ड सरकारलाइ पेश गर्दछन् यस संदर्भमा आवश्यक परेको खण्डमा गाउँपालिका/नगरपालिकाका कर्मचारीहरुलाई सहयोग तथा क्षमता विकास गर्दछन्। गाउँपालिका/नगरपालिका वास इकाईको कर्मचारी भर्ना, छनौट तथा व्यवस्थापनका सम्बन्धमा गुणस्तरता र एकरुपता कायम गर्नका लागि परियोजना समन्वय कार्यालय र परियोजना सहयोग इकाईले निर्देशन गर्न सक्नेछ।
- सामान्यतया, गाउँपालिका/नगरपालिकामा सञ्चालित वास कार्यक्रम र विशेष गरि परियोजनाको सहयोगमा सञ्चालित खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी

क्रियाकलापहरुको योजना तर्जुमा, बजेट, कार्यान्वयन, अनुगमन र प्रतिवेदनका लागि गाउँपालिका/नगरपालिका वास इकाईसंग समन्वय गर्दछ।

- प्राथमिकतामा परेका कार्यहरु र अन्य सम्बन्धित क्रियाकलापहरु तथा अनुगमनहरु परियोजनाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र मानव अधिकारमा आधारित दृष्टिकोण, परियोजनाको नीति नियम र निर्देशिकाबमोजिम तथा सम्भव भएसम्म जिल्ला रणनैतिक वास योजना र गाविस वास योजना अनुरुप भएको सुनिश्चित गर्नेछ।
- पूर्ण सरसफाइ र खानेपानी सुरक्षा योजना++ लागू भएका पूर्ण रुपमा सञ्चालित खानेपानी तथा सरसफाइ योजनाहरुको लक्ष्य पूर्तिका लागि गाउँपालिका/नगरपालिका वास इकाईसंगको सहकार्यमा निर्माण पश्चात्का खानेपानी तथा सरसफाइ योजनाहरु र खुल्ला दिसामुक्त पश्चात्को अवस्थालाइ दिगोपना र सुचारु हुने गरि योजना तर्जुमा गर्नेछ।
- गाउँपालिका/नगरपालिका वास इकाईसँग क्षमता विकासका क्रियाकलापहरु सञ्चालनका लागि समन्वय, अनुगमन र आवश्यक सहयोग गर्ने तथा गाउँपालिका/नगरपालिका वास इकाईको क्षमता विकासको लागि आवश्यकताको लेखाजोखा र विषयवस्तु निरन्तर विकासका लागि सहयोग प्रदान गर्दछ।
- गाउँपालिका/नगरपालिका वास इकाईका कर्मचारीहरुलाई जलवायू परिवर्तन अनुकूलन र प्रकोप जोखिम न्यूनीकरण जस्ता क्रियाकलापहरुमा क्षमता विकास गर्ने र वास इकाईको कार्ययोजनामा यस्ता क्रियाकलापहरु समावेश गराई खानेपानी प्रणालीको बहुउपयोगबाट हुने फाइदालाई ध्यानमा राखी लागू गर्नका लागि सहयोग गर्नेछ।
- परियोजना सम्बन्धी सम्पूर्ण आर्थिक र भौतिक प्रगतिको अनुगमन गर्ने, गाउँपालिका/नगरपालिकास्तर र योजनास्तरमा हुने नियमित अनुगमनहरुमा सहभागी हुने र गाउँपालिका/नगरपालिकाको वास व्यवस्थापन सूचना प्रणाली अद्यावधिक भएको सुनिश्चित गर्नेछ।
- गाउँपालिका/नगरपालिकाका वास इकाईमा वास सम्बन्धी प्राविधिक ज्ञान-सीप र अनुभवहरुको व्यवस्थापन प्रणाली स्थापना, विकास र निरन्तरताका लागि प्रोत्साहन गर्नेछ। योजना सम्बन्धित दस्तावेजहरु (सम्झौता पत्र, डिजाईन स्टिमेट इत्यादी)

गाउँपालिका/नगरपालिका वास इकाई, उपभोक्ता र परियोजना सहयोग इकाईमा एक-एक प्रति उपलब्ध भएको हुनेछ ।

## संघीय कार्यालयको भूमिका तथा जिम्मेवारी [1]

२५. स्थानीय तह तथा निकायहरूलाई आवश्यक प्राविधिक तथा व्यवस्थापकीय सम्पूर्ण सहयोगहरू उपलब्ध गराउनुका साथसाथै सम्पूर्ण पूर्वाधार विकासका क्रियाकलापहरूको समन्वय गर्न संघीय निकाय जिम्मेवार हुनेछ ।

२६. संघीय निकायले गाउँपालिका/नगरपालिकालाई प्रादेशिक सरकारी निकाय हरूसँग सम्बन्ध स्थापना गर्न मध्यस्थता गर्नेछ, यसका साथै गाउँपालिका/नगरपालिकाहरु एवं परियोजनालाई विभिन्न सरकारी नीति, नियम तथा नियमावलिहरु उपलब्ध गराउनेछ ।

२७. संघीय निकायले संघीयस्तरमा रहेर परियोजनाको योजना तर्जुमा, बजेट विनियोजन, प्रगति समीक्षा र अनुगमनकार्यप्रति उत्तरदायी हुनेगरी एकजना राष्ट्रिय परियोजना निर्देशकको व्यवस्था गर्नेछ ।

२८. संघीय निकायले परियोजना समन्वय कार्यालयमा रहनेगरि परियोजनाको दैनिक कार्यहरु र वास कार्यक्रम कार्यान्वयनमा गाउँपालिका/नगरपालिकालाई प्रभावकारी सहयोग उपलब्ध गराउन परियोजना व्यवस्थापन कार्यदलको सह-अध्यक्षको रुपमा समेत रहने गरी एकजना राष्ट्रिय परियोजना संयोजकको व्यवस्था गर्नेछ ।

२९. केन्द्रीयस्तरमा समन्वय तथा प्रतिवेदनको लागि संघीय निकाय सम्पर्क शाखाको रुपमा रहनेछ ।

## समन्वय र सहयोग

३०. समन्वयात्मक र एकीकृत खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन कार्यक्रमको विकास र कार्यान्वयन यस क्षेत्रमा संलग्न सम्पूर्ण सरोकारवाला तथा निकायहरूको संयुक्त प्रयासबाट मात्र सम्भव छ भन्ने कुरामा सबैको सर्वसम्मति छ । यी सम्पूर्ण सरोकारवालाहरू र निकायहरूलाई जिल्ला वास समन्वय समिति, गाउँपालिका/नगरपालिका वास समन्वय समिति र वडास्तरीय वास समन्वय समिति (साविकका गाविस वा नगरपालिका वास समन्वय समिति) को एउटै छातामुनि ल्याउन अति नै

[1] *संघीय कार्यालय स्थापना नहुँदासम्मको लागि, माथि बुँदा २५ देखि २९ सम्म व्याख्या गरिएका भूमिका र जिम्मेवारी स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (DoLIDAR) को हुनेछ ।*

महत्वपूर्ण रहेको छ। यिनीहरुको कार्यविवरण र गठन विधि नेपालको सरसफाइ गुरुयोजना, २०६८ मा उल्लेख भए अनुसार हुनेछ।

## विविध

३१. यो समझदारी पत्रमा हस्ताक्षर गरी वास सम्बन्धित दिगो विकासका लक्ष्यहरु (लक्ष्य ५, लक्ष्य ६ र लक्ष्य १०) तर्फ निरन्तर रुपमा अग्रसरताका लागि दुबै पक्ष प्रतिबद्ध छन।

३२. जिल्लामा सञ्चालित क्रियाकलापहरु निर्धारित गुणस्तर, स्वीकृत कार्ययोजना एवं यस समझदारी पत्र बमोजिम भएको नपाइएमा परियोजनाको लागि जिल्लाको कोष रोक्का गर्ने, बार्षिक बजेट कटौती गर्ने तथा सम्झौता रद्ध समेत गर्न सक्ने अधिकार परियोजनामा रहनेछ।

३३. अन्य मुख्य सरोकारवालाहरुको भूमिका र जिम्मेवारी परियोजनाको निर्देशिकामा उल्लेख गरिएको छ।

३४. यदि परियोजना अवधिभित्र नेपाल सरकारको कुनैपनि संस्थागत संरचना परिवर्तन भएमा यस समझदारी पत्रमा उल्लेख भएका सम्पूर्ण जिम्मेवारीहरु स्वतः नयाँ कायम भएको संरचनामा जानेछ।

३५. यो समझदारी पत्रमा उल्लेखित कुनै बुँदालाई थप स्पष्ट पार्न, थपघट तथा संशोधन गर्न आवश्यक भएमा दुवै पक्षको आपसी सहमतिमा गर्न सकिनेछ। यदी कुनै असमझदारी वा विवाद उत्पन्न भई नीतिगत तहवाट निर्णय गर्नु परेमा परियोजनाको सुपरिवेक्षण समितिबाट निर्णय गरी समाधान गरिनेछ र यसका लागि सुपरिवेक्षण समितिको निर्णय नै अन्तिम हुनेछ।

३६. यो समझदारी पत्र सन् २०१९ जुलाई १५ सम्म मान्य रहनेछ भने यो भन्दा पूर्व विभाग र साविकको जिल्ला विकास समितिबीच सम्पन्न समझदारी पत्र खारेज गरिएको छ।

मितिः वि.सं. २०७४/०४/........ (तदनुसार ई.सं २०१७/......./......)

स्थान : ..........................................

## हस्ताक्षर

| **जिल्ला समन्वय समितिको तर्फबाट** | **विभागको तर्फबाट** |
|---|---|
| हस्ताक्षरः ...................................... | हस्ताक्षरः ........................................ |
| नाम : .......................................... | नाम : श्री जीवन कुमार श्रेष्ठ |
| पद : प्रमुख | पद : महानिर्देशक |
| कार्यालयको छापः | कार्यालयको छापः |

## रोहबरमा,

**पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण** (RWSSP-WN II) **को तर्फबाट**

| | |
|---|---|
| हस्ताक्षरः .......................................... | हस्ताक्षरः ......................................... |
| नाम : श्री सान्ना-लीना राउतानेन | नाम : श्री महेन्द्र बहादुर बानियाँ |
| पद : प्रमुख प्राविधिक सल्लाहकार | पद : राष्ट्रिय परियोजना संयोजक |
| कार्यालयको छापः | कार्यालयको छापः |

## जिल्ला समन्वय समितिको तर्फबाट

| | |
|---|---|
| हस्ताक्षरः ............................. | हस्ताक्षरः ............................. |
| नामः श्री .................................. | नामः श्री .................................. |
| पदः स्थानीय विकास अधिकारी | पदः उप-प्रमुख |
| कार्यालयको छापः | कार्यालयको छापः |